केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/४/०७४/७५ मिति: २०७४/०५/०४

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७४ को विभिन्न इ.प्रा. निर्देशनहरुमा देहाय बमोजिम संशोधन/परिमार्जन/नयाँ व्यवस्था थप गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

१. इ.प्रा. निर्देशन नं. १९/०७४ को बुँदा नं. २ को उपबुँदा नं. ५ को सट्टा देहाय बमोजिमको उपबुँदा नं. ५ राखिएको छ :

*(५) **कुनै पनि बैंक खातामा सम्बन्धित खाता सञ्चालक बाहेक अन्य कुनै व्यक्तिले रु.१ लाख भन्दा बढी रकम** नगदै जम्मा गर्न आएमा रकम जम्मा गर्ने व्यक्तिको पहिचान **खुल्ने कागजात लिई** नगद जम्मा गर्नुको प्रयोजन समेत खुलाउनु पर्नेछ।*

२. इ.प्रा. निर्देशन नं. २३/०७४ को को बुँदा नं. ४ को उपबुँदा नं. २ को व्यवस्था पश्चात देहाय बमोजिमको वाक्यांश थप गरिएको छ :

*बैंक तथा वित्तीय संस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा भएको व्यवस्था बमोजिम आर्थिक वर्ष २०७३/७४ को बाह्य लेखापरीक्षण गरी वित्तीय विवरण सार्वजनिक गर्दाको अवस्थासम्ममा उपबुँदा नं. १ मा तोकिएबमोजिमको चुक्ता पूँजी सम्बन्धी विवरण लेखा सम्बन्धी टिप्पणी (Notes to Accounts) मा स्पष्ट रुपमा खुलाउनु पर्नेछ।*

३. इ.प्रा. निर्देशन नं. २३/०७४ को को बुँदा नं. ४ को उपबुँदा नं. ३ को सट्टा देहाय बमोजिमको उपबुँदा नं. ३ राखिएको छ :

*(३) **उपबुँदा नं.२ अनुसार आ.व. २०७३/७४ को बाह्य लेखापरीक्षण गरी सार्वजनिक गरेको वित्तीय विवरण लेखा सम्बन्धी टिप्पणी (Notes to Accounts) मा तोकिएबमोजिमको न्यूनतम चुक्ता पूँजी पुगेको व्यहोरा उल्लेख नभएका बैंक तथा वित्तीय संस्थाहरुलाई देहाय बमोजिमको कारबाही हुनेछ।***

*(क) नगद लाभांश वा बोनस सेयर घोषणा तथा वितरण गर्न रोक लगाउने,*

*(ख) निक्षेप संकलन गर्न रोक लगाउने,*

*(ग) कर्जा प्रवाह गर्न रोक लगाउने र*

*(घ) शाखा विस्तार गर्न रोक लगाउने।*

***साथै, तोकिए बमोजिमको न्यूनतम चुक्ता पूँजी नपुऱ्याउने बैंक तथा वित्तीय संस्थाहरुको हकमा यस बैंकबाट बाध्यकारी मर्जर वा प्राप्ति (Merger/Acquisiton) को प्रकृयामा जान निर्देशन दिइनेछ।***

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

४. इ.प्रा. निर्देशन नं. २३/०७४ को बुँदा नं. २४ को उपबुँदा नं. १ को खण्ड (क) को सट्टा देहाय बमोजिमको खण्ड (क) र स्पष्टीकरण राखिएको छ : :

*(क) कुनै निक्षेपकर्ता वा बचतकर्ताले कुनै खास कारण देखाई नगद भुक्तानीको लागि दिएको निवेदनको व्यहोरा र कारण मनासिब देखिएमा त्यस्तो निक्षेपकर्ता वा बचतकर्तालाई उल्लेखित सीमाभन्दा बढी नगद भुक्तानी गर्न,*

*(बैंक तथा वित्तीय संस्थाले यस व्यवस्था बमोजिम नगद भुक्तानी दिएको मासिक विवरण **अद्यावधिक गर्नु पर्नेछ**।)*

***<u>स्पष्टीकरण :</u>***

***यस प्रयोजनका लागि प्राथमिकताप्राप्त पूर्वाधार आयोजनाहरु जस्तै जलविद्युत, सडक, सञ्चार जस्ता क्षेत्रहरुमा कर्मचारी तथा श्रमिकहरुको पारिश्रमिक/ज्याला भुक्तानी गर्न, नेपाल सरकारका विभिन्न निकाय तथा विभिन्न आयोजनाहरुमा आवश्यक मालसामानहरुको आपूर्ति गर्न, नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व भुक्तानी गर्न, कानूनी कारवाहीको सिलसिलामा विगो/धरौटी/जमानत रकम जम्मा गर्न, पेन्सन क्याम्प मार्फत पेन्सन वितरण गर्न, नेपाल सरकारले वितरण गर्ने राहत, अनुदान वा सहायता वितरण गर्न, विप्रेषण कम्पनी/एजेन्टहरुले विप्रेषण प्राप्त गर्ने व्यक्तिहरुलाई रकम भुक्तानी गर्न निवेदन लिई उल्लेखित सीमा भन्दा बढी नगद भुक्तानी दिन सकिनेछ। यस अनुसार भुक्तानी भएको रकमको विवरण सम्बन्धित बैंक तथा वित्तीय संस्थामा बुझाउनु पर्नेछ।***

भवदीय,

२०७४/५/४

(नारायणप्रसाद पौडेल)
कार्यकारी निर्देशक

<u>बोधार्थ :</u>
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाण्डौ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग।
(७) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग।
(८) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
(९) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग।
(१०) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।
(११) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली, काठमाण्डौ।
(१२) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौ।